बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**पशु सेवा कार्यालय**
धुलिखेल, काभ्रेपलाञ्चोक (कार्यक्षेत्र: काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक)

## प्रस्ताव आव्हानको सूचना

सूचना नं. २/०८२-८३
प्रकाशित मितिः २०८२/०९/२१

यस पशु सेवा कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक एवं मापदण्ड पुरा गरेका पशुपालक कृषक समूह/सहकारी/निजी फार्म/दुग्ध सहकारीले यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र यस कार्यालय वा पशु सेवा केन्द्र, चौतारा, सिन्धुपाल्चोकमा आवेदन दर्ता गराउनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै म्याद नाघि वा रितपूर्वक दर्ता हुन नआएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश नगरिने व्यहोरा समेत सूचित गरिन्छ।

| क्र. सं. | कार्यक्रम | एकाई | परिमाण | कुल बजेट (लाख) | आवेदक | कार्यविधि | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | दुध उत्पादन वृद्धि कार्यक्रम SAPLING परियोजना (ILRI) सँग साझेदारीमा कार्यक्रम | संख्या | २ | ७ | दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड | | काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक | |
| २ | मत्स्यपालन क्षेत्र विस्तार कार्यक्रम | हेक्टर | ४ | १४ | मत्स्यपालनमा आवद्ध कृषक/समूह/सहकारी/निजी उद्यमी | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | | पुनः सूचना |

### संलग्न गर्नुपर्ने कागजातहरु

१. एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को अनुसुची-२ बमोजिम रु. दश (१०) को हुलाक टिकट टाँस गरेको आवेदन, अनुसूची-४ बमोजिमको कार्ययोजना, अनुसूची-५ बमोजिमको प्रतिबद्धता पत्र, अनुसूची-६ बमोजिमको कार्यस्थान खुल्ने नक्सा
२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
३. कृषक समूह/सहकारी/निजी उद्यमीको संस्था दर्ता तथा नवीकरणको प्रतिलिपि
४. आवेदकको PAN वा VAT प्रमाण पत्र र आ.व २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. कार्यक्रममा सहभागि गराईदिने सम्वन्धी सम्बन्धित स्थानीय तहको सिफारिस
६. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए सूचनाको अन्तिम मितिले न्यूनतम ५ (पाँच) वर्षको करार सम्झौता पत्र
७. सम्वन्धित कार्यविधिमा तोकिए बमोजिमका अन्य आवश्यक कागजातहरु

### कृषक समूह/सहकारीको हकमा मात्र लागु हुने

- कार्यक्रममा सहभागिता सम्बन्धी (सहकारी/समूहको हकमा) कृषक समूह सहकारीको बैठकको निर्णय प्रतिलिपि
- कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/ सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाईएको पत्र
- आ.ब २०८१/८२ को साधारण सभाको बैठक निर्णय प्रतिलिपि
- आवेदन प्रक्रियाका लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई दिइएको अख्तियारी पत्र

**नोटः** सूचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ०११-४९०२६६, ०११-४९०८९२ वा पशु सेवा केन्द्र, सिन्धुपाल्चोकको सम्पर्क नं. ०११-६२०११५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ। यस कार्यालयको वेबसाईट www.lsokavre.bagamati.gov.np बाट कार्यविधि डाउनलोड गर्न सकिने छ।

डा. सुशिला श्रेष्ठ
पशु विकास अधिकृत
(प्राविधिकतस्तर आठौं)